**निर्णय नं. १:**
राजश्व तथा आर्थिक प्रशासन शाखा र सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन उपशाखा प्रमुखको जिम्मेवारी पाउ भएका क्रमशः लेखाअधिकृत ऋषि प्रसाद कडुवाल र ना.सु. चन्द्रमणी आचार्यले जिम्मेवारी पाएको मितिबाट आफ्नो का गर्ने र हालसम्म पनि यस अघि उक्त शाखाहरुको प्रमुखको जिम्मेवारीमा रहेका लेखा अधिकृत सीताराम पोखरेल, नाराय लम्साल र ना.सु. नवराज तिवारीबाट बर बुझारथ नभएकोले २०७४ भाद्र मसान्तभित्र बरबुझारथ गरिसक्नुपर्ने निर्ण गरियो ।

**निर्णय नं. २:**
रत्ननगर नगरपालिका अन्तर्गत सामुदायिक वन क्षेत्रभित्र नपरेका वडाहरुबाट सामुदायिक वन समितिमा प्रवेशका लाि व्यापक माग भैआएकोले ती वडाहरुको घरधुरीको तथ्यांक लिई सम्बन्धित सामुदायिक वनहरुमा समावेस गर्न व कार्यालयमा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३:**
रत्ननगर न. पा. वडा नं. ४ स्थित निर्माणाधिन कभर्ड हलको सम्बन्धित उपभोक्ता समितिबाट रकम माग गरेव सम्बन्धमा छलफल हुँदा उक्त कार्यक्रम जिल्ला समन्वय समितिको भएकोले नगरपालिकाले सो कार्यक्रममा रक विनियोजन गर्न नमिल्ने र वजेट विना रकम दिँदा वेरुजु हुने भएकोले नगरपालिकाबाट रकम उपलव्ध गर्न नमिल व्यहोरा सम्बन्धित उपभोक्ता समितिलाई जानकारी गराउने निर्णय गरियो ।

**निर्णय नं. ४**
नगरपालिकामा निर्माण हुने घरहरुको नक्सापास गर्दा कार्यकारी अधिकृतबाट मात्र स्वीकृत हुने व्यवस्था भएको नक्सापास सम्बन्धि कार्यको जिम्मेवारी कार्यकारी अधिकृत, नगर प्रमुख वा का.वा. नगर प्रमुखबाट हुने व्यवस्था मिलाउ निर्णय गरियो ।

**निर्णय नं. ५**
नगरपालिकाको सेवा प्रवाहलाई स्थानीय स्तरमा नै पुऱ्याउने र सर्वसुलभ एवं पारदर्शी गराउन सम्बन्धित वडामा नै व कार्यालयहरु स्थापना गरी संचालन गर्न हाल नगरपालिकामा मौजुदा कर्मचारीहरुबाटै व्यवस्था गरी १६ वटै वडाहरु वडा कार्यालय संचालन गर्ने निर्णय गरियो ।

नारायण वन
नगर प्रमुख